*सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तयार गरी सार्वजनिक गरिएको*

*(स्वतः प्रकाशन)*

*आर्थिक वर्ष २०८२/८३ को*

# दोस्रो त्रैमासिक प्रतिवेदन

(२०८२ कार्तिक-पुष)




*(सूचना हाम्रो अधिकारः सुशासन र विकासको आधार)*

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| क्र.स. विवरण | पेज नं. |
|---|---|
| १. कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. कार्यालयमा रहने कर्मचारी विवरण | ४ |
| सङ्गठन संरचना | ४ |
| ४. कार्यालय अन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू | ७ |
| यस कार्यालय वा अन्तर्गत सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण | ९ |
| यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण | ९ |
| ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश) | १० |
| ५.१ मुख्यसचिवको सचिवालय | १२ |
| ५.२ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा, | १४ |
| ५.३ प्रशासन शाखा | १५ |
| ५.४ आर्थिक प्रशासन शाखा | १७ |
| ५.५ सूचना, प्रेस तथा संसद समन्वय शाखा | १७ |
| ५.६ सामाजिक विकास शाखा र भौतिक पूर्वाधार विकास शाखा | १८ |
| ५.७ आर्थिक मामिला शाखा, नीति विश्लेषण तथा समन्वय शाखा र तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा | १९ |
| ५.८ सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा | १९ |
| ५.९ प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा | २० |
| ५.१० सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | २१ |
| ५.११ नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा, तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा र योजना तथा अनुगमन शाखा | २२ |
| ५.१२ सूचना प्रविधि शाखा | २३ |
| ५.१३ हेलो सरकार शाखा | २३ |
| ५.१४ कानून शाखा र फैसला कार्यान्वयन शाखा | २४ |
| ५.१५ मानव अधिकार शाखा र अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | २५ |
| ६. प्रवक्ता र सूचना अधिकारीको विवरण | २६ |
| ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | २७ |
| ८. वित्तीय प्रगति विवरण | २८ |
| ९. कार्यालयको वेबसाइट | २८ |
| १०. यस अवधिमा माग भएको सूचना र उपलब्ध गराइएको सूचना सङ्ख्या | २८ |

## १.कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवम् व्यवस्थापनको समन्वय गर्ने निकाय हो। शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ। मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई संस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पुऱ्याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयमा पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्ने लगायतका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यका साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य समेत यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा विभिन्न कार्य जिम्मेवारी तोकिएका छन्। यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्)का कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ४ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) प्रशासन समिति

२) सामाजिक समिति

३) आर्थिक तथा पूर्वाधार समिति

४) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ।

## २.कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

मन्त्रिपरिषद्सम्बन्धी;

- नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;
- नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;
- नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;
- नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;
- नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;
- सङ्घीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;
- मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;
- शासकीय प्रबन्ध, सुशासन प्रवर्धन र प्रशासनिक सुधार;
- द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;
- सङ्घीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;
- प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;
- प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;
- मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;
- भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;
- राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;
- संवैधानिक परिषद्;
- सङ्घीय संसद्को अधिवेशन आह्वान र अन्त्य;
- प्रदेश प्रमुखसम्बन्धी;
- परराष्ट्र तथा सुरक्षा मामिला;
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
- लोक सेवा आयोग;
- राष्ट्रिय मानव अधिकार आयोग;
- महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;
- राष्ट्रिय योजना आयोग;
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;
- लगानी बोर्ड;
- राष्ट्रिय सतर्कता केन्द्र;

- सार्वजनिक खरिद अनुगमन कार्यालय;
- नेपाल ट्रष्टको कार्यालय;
- गरिबी निवारण कोष;
- विषय विज्ञ समूह;
- राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;
- प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;
- गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;
- भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;
- विपद् व्यवस्थापनसम्बन्धी समन्वय;
- प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;
- अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;
- नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;
- प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;
- अवशिष्ट अधिकार प्रयोग ।

## ३.कार्यालयमा रहने कर्मचारी विवरण

### सङ्गठन संरचना


कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार यस कार्यालयमा हाल ९ वटा महाशाखा र २३ वटा शाखाहरू रहेका छन्। यस कार्यालयमा १७२ जनाको स्वीकृत स्थायी दरबन्दी र ३१ करार दरबन्दी रहेको छ। यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहत विभिन्न क्षेत्र हेर्ने तीन जना सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न महाशाखा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ। यस कार्यालयको दरबन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ।

**स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज**

| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | मुख्यसचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २. | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | २ |
| ३. | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४. | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | ० |
| ५. | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६. | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ७ |
| ७. | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ८. | सह-सचिव (सूचना प्रविधि) | रा.प.प्रथम | विविध | - | - | १ |
| ९. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २० |
| १०. | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| ११. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| १२. | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १३. | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | सि.डि.ई. | रा.प. द्वितीय | इन्जिनियरिङ्ग | सिभिल/ जनरल | - | १ |
| १५. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ३० |
| १६. | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १७. | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |
| १८. | अर्थशास्त्री | रा.प. तृतीय | विविध | - | - | १ |
| १९. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | १ |
| २०. | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | – | – | १ |
| २१. | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | – | – | ३ |
| २२. | ईन्जिनियर | रा.प. तृतीय | इन्जि. | सिभिल/ हाइड्रो | - | १ |
| २३. | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | – | १ |
| २४. | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | ० |
| २५. | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २६. | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | – | ५ |
| २७. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | – | १ |
| २८. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | – | – | १६ |
| २९. | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| ३०. | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | – | १ |
| ३१. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ० |
| ३२. | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | – | ० |
| ३३. | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३४. | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | – | – | ३ |
| ३५. | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३६. | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | – | – | १ |
| ३७. | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – | १८ |
| ३८. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ३३ |
| ३९. | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| ४०. | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ४ |
| ४१. | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| | **जम्मा** | | | | | १७२ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालय अन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| मुख्यसचिव श्री सुमनराज अर्याल | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री कवीन्द्र नेपाल |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव (तथ्याङ्क) श्री कमल पौडेल |
| **शासकीय मामिला क्षेत्र** | **सचिव गोविन्द्र बहादुर कार्की** |
| **१. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री यमलाल भूसाल** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा | उपसचिव श्री उमेश कुमार राई |
| **२. सूचना प्रविधि महाशाखा** | **सहसचिव (प्रा.) श्री मुकेश रेग्मी** |
| (क) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक (रिक्त) |
| (ख) हेलो सरकार शाखा | उपसचिव श्री तुलाराज सुनुवार |
| | उपसचिव श्री रत्नमणि भट्टराई |
| | उपसचिव श्री राजन भट्टराई |
| **३. जनशक्ति व्यवस्थापन महाशाखा** | **सहसचिव श्री हेमराज अर्याल** |
| (क) प्रशासन शाखा | उपसचिव श्री प्रदीप श्रेष्ठ |
| (ख) सूचना, प्रेस तथा संसद समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| (ग) आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा) श्री सुकदेव प्रसाद बाँस्कोटा |
| (घ) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (प्र.म.निवास) | उपसचिव श्री हरि प्रसाद गुरागाई |
| **४. शासकीय सुधार महाशाखा** | **सहसचिव डा. भीष्म कुमार भूसाल** |
| (क) सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा | उपसचिव श्री जिवन चन्द्र राई |
| (ख) प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा | उपसचिव श्री लेखनाथ ज्ञवाली |

| | |
|---|---|
| (ग) सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री पर्वत गिरी |
| **विकास व्यवस्थापन क्षेत्र** | **सचिव श्री किरणराज शर्मा** |
| **१. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री भुदेव झा |
| (ख) तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा | उपसचिव श्री गोविन्द प्रसाद गौतम |
| (ग) योजना तथा अनुगमन शाखा | उपसचिव श्री रेखा पाण्डे के.सी. |
| **२. सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा** | **सहसचिव श्री नवराज ढकाल** |
| (क)सामाजिक विकास शाखा | उपसचिव श्री विष्णु प्रसाद सुवेदी |
| (ख) भौतिक पूर्वाधार विकास शाखा | सि.डि.ई (रिक्त), कामकाज: उपसचिव श्री राजन भट्टराई |
| **३. आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा** | **सहसचिव श्री केशवराज सुवेदी** |
| (क) आर्थिक मामिला शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| (ख) नीति विश्लेषण तथा समन्वय शाखा | उपसचिव श्री अम्बिका राई |
| (ग) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा | |
| **कानून तथा मानव अधिकार** | **सचिव श्री पुष्कर सापकोटा** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | **सहसचिव श्री लिलाधर सुवेदी** |
| (क)कानून शाखा | उपसचिव श्री राजेन्द्र कुमार लम्साल |
| (ख)फैसला कार्यान्वयन शाखा | उपसचिव श्री मनुका घिमिरे |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री रामजी दनाइ** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री टोप बहादुर बिष्ट |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री विमला पौडेल |
| **विशेष पद** | **सचिव श्री खगेन्द्र प्रसाद नेपाल** |

# २०८२ कार्तिक १ गतेदेखि २०८२ पुष मसान्तसम्म अवकाश, सरूवा तथा पदस्थापन भएका कर्मचारीहरूको विवरण

## अवकाशबाट सेवानिवृत्त कर्मचारीहरूको विवरण

| क्र.स. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री एक नारायण अर्याल | मुख्यसचिव |
| २. | श्री फणिन्द्र गौतम | सचिव (कानून) |

## यस कार्यालय वा अन्तर्गत सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण

| क्र.स. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री महादेव पन्थ | सचिव |
| २. | श्री पुष्कर सापकोटा | सचिव |
| ३. | श्री किरणराज शर्मा | सचिव |
| ४. | श्री मुकेश रेग्मी | सहसचिव (प्रा) |
| ५. | श्री कवीन्द्र नेपाल | सहसचिव |
| ६. | श्री गोपालप्रसाद अर्याल | सहसचिव |
| ७. | श्री राधा देवकोटा उपाध्याय | उपसचिव |
| ८. | श्री सुदर्शन पौडेल | लेखा अधिकृत |
| ९. | श्री मोति राम भुसाल | शाखा अधिकृत |
| १०. | श्री बन्दना कुमारी | शाखा अधिकृत |
| ११. | श्री सुवास लिम्बु | शाखा अधिकृत |
| १२. | श्री बिनोद कुमार श्रेष्ठ | शाखा अधिकृत |
| १३. | श्री नेत्र प्रसाद पोखेल | शाखा अधिकृत |
| १४. | श्री दिसी आचार्य | शाखा अधिकृत (कानून) |

## यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण

| क्र.स. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री राजकुमार श्रेष्ठ | सचिव |
| २. | श्री कमल प्रसाद पोखेल (शर्मा) | सचिव |
| ३. | श्री कृष्ण प्रसाद काप्री | सचिव |

| क्र.स. | कर्मचारीको नाम | पद |
|---|---|---|
| ४. | श्री रविलाल शर्मा | सहसचिव |
| ५. | श्री प्रेम प्रसाद आचार्य | सहसचिव |
| ६. | श्री नारायण प्रसाद अर्याल | सहसचिव |
| ७. | श्री शुभाष ढकाल | सहसचिव (प्रा) |
| ८. | श्री विनोद लामिछाने | सहसचिव |
| ९. | श्री शुभाष कुमार भट्टराई | सहसचिव |
| १०. | श्री विनोद बहादुर कुँवर | सहसचिव |
| ११. | श्री नवराज अधिकारी | उपसचिव |
| १२. | श्री सुभाष न्यौपाने | उपसचिव |
| १३. | श्री प्रविन दाहाल | शाखा अधिकृत |
| १४. | श्री विनोदप्रसाद भुर्तेल | लेखा अधिकृत |
| १५. | श्री आश्रृती पोखरेल | शाखा अधिकृत (कानून) |
| १६. | श्री सुशिला पौडेल | शाखा अधिकृत |
| १७. | श्री नरेन्द्र प्रसाद न्यौपाने | शाखा अधिकृत |
| १८. | श्री दिपा परियार | शाखा अधिकृत (कानून) |
| १९. | श्री बुद्ध लक्ष्मी तामाङ्ग | शाखा अधिकृत (कानून) |
| २०. | श्री पुष्कर मानन्धर | ना.सु |

## ५.सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाबाट आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिक (२०८२ कार्तिक-पुष मसान्तसम्म) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरू:

यस अवधिमा यस कार्यालयका विभिन्न सचिवालय/महाशाखा/शाखाहरूबाट सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार छः

- ✓ मिति २०८२ भाद्र २३ र २४ गते मुलुकका विभिन्न स्थानमा भएको आन्दोलनको क्रममा उठान भएका सुशासन सम्बन्धी मागहरू सम्बोधन हुनेगरी तयार पारिएको "तत्काल सुधार कार्ययोजना" कार्यान्वयनका लागि निकायगत सहजीकरण गरिएको।

- ✓ नेपाल सरकार र जेन-जी आन्दोलनका प्रतिनिधिबीच २०८२/०८/२४ गते भएको सम्झौता कार्यान्वयनको समन्वय र सहजीकरणका लागि निकायगत सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरी कार्यान्वयनमा सहजीकरण  गरिएको।
- ✓ जेन-जी आन्दोलनका सहिद परिवारसँग भएको सम्झौताको कार्यान्वयनका सम्बन्धमा विभिन्न चरणका वार्ताहरू सम्पन्न गरी कार्यान्वयनका लागि समन्वय गरिएको।
- ✓ २०८२ साल कार्तिक १ गतेदेखि पुष मसान्तसम्म १४ वटा मन्त्रिपरिषद्को बैठक बसी २८० वटा निर्णयहरू भएको।
- ✓ यस त्रैमासिक अवधिमा मन्त्रिपरिषद्का विभिन्न समितिको ८ वटा बैठक सम्पन्न भई १४ वटा निर्णयहरू भएको।
- ✓ यस आ.व.को दोस्रो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी प्राप्त भएका २७ वटा निवेदन उपर सूचना उपलब्ध गराइएको।
- ✓ आर्थिक वर्ष २०८२/८३ को  वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रिय महत्वका आयोजना/ परियोजनाको अनुगमन अन्तर्गत सिद्धबाबा सुरुङमार्ग आयोजना, बुटवल-गोरुसिङ्गे सडक आयोजना, सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजनाको स्थलगत अनुगमन गरी प्राप्त वस्तुस्थितिको सचिव बैठकमा छलफल तथा प्रस्तुति गरिएको।
- ✓ संघ र लुम्बिनी प्रदेशको नीति सामञ्जस्यता सम्बन्धी अन्तरक्रिया कार्यक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सम्पन्न भएको।
- ✓ श्रीमान् मुख्यसचिवज्यूको संयोजकत्वमा मिति २०८२/९/७ मा बसेको प्रशासनिक समन्वय परिषद्को बैठकबाट भएका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- ✓ सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको प्रथम त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरी बैठकका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको,
- ✓ सङ्घीय मन्त्रालयहरूको आ.व. २०८२/८३ को कार्ययोजना सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा २०८२/७/२८ गते प्रथम त्रैमासिक प्रगति समीक्षा गरिएको,
- ✓ वर्तमान सरकारको एक सय दिनको प्रमुख कार्य एवम् उपलब्धिको एकीकृत विवरण तयार गरिएको,
- ✓ सङ्घीय मन्त्रालयहरूबाट गरिएको अनुगमनको प्रभावकारिता परीक्षणको लागि मङ्सिर महिनामा झापा, मोरङ्ग र सुनसरीमा निर्माणाधीन अस्पतालहरूको स्थलगत अनुगमनको

अनुगमन एवम् पुष महिनामा रानीजमरा कुलरिया आयोजना (कृषि कार्यक्रम कार्यान्वयन इकाई) टिकापुर, कैलालीको अनुगमनको अनुगमन गरिएको,

- ✓ नेपाल सरकारका मुख्यसचिवज्यूको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७२ औं बैठक मिति २०८२/०९/३० गते सम्पन्न भएको।
- ✓ यस त्रैमासिकमा हेलो सरकार शाखामा सूचनाका विभिन्न माध्यमबाट प्राप्त गुनासोहरू अध्ययन गरी ६,७०८ वटा गुनासो समाधानका लागि सम्बन्धित निकायमा पठाइएको मध्ये २,०७६ गुनासो फछ्र्यौट भएको।

- ✓ सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका ११८ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।
- ✓ भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय दिवसको उपलक्ष्यमा सन् २०२५ डिसेम्बर ९ मा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अन्तरक्रिया सम्पन्न गरिएको।
- ✓ भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी दोश्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८२ को मस्यौदा तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको।

## ५.१ मुख्यसचिवको सचिवालय

- **<u>नेपाल सरकार मन्त्रिपरिषद्को बैठक र मन्त्रिपरिषद्को समितिको बैठकको लागि समन्वय</u>**
  - ➢ २०८२ साल कार्तिक १ गते देखि पुष मसान्तसम्मको अवधिमा बसेका १४ वटा मन्त्रिपरिषद्को बैठकहरूमा मुख्यसचिवको सहभागिताको लागि समय व्यवस्थापनको कार्य गरिएको।
  - ➢ यस अवधिमा सम्पन्न मन्त्रिपरिषद् समितिको ८ वटा बैठकका लागि मुख्यसचिवको निर्देशन अनुसार आवश्यक समन्वय/सहजीकरणको कार्य गरेको।
- **<u>२०८२ साल भाद्र २३ र २४ गतेको आन्दोलन पछिको परिस्थितिमा समन्वय बैठक</u>**
  - ➢ मिति २०८२ भाद्र २३ र २४ गते मुलुकका विभिन्न स्थानमा भएको आन्दोलनको क्रममा उठान भएका सुशासन सम्बन्धी मागहरू सम्बोधन हुनेगरी तयार पारिएको "तत्काल सुधार कार्ययोजना" कार्यान्वयनका लागि निकायगत सहजीकरण गरिएको।
  - ➢ नेपाल सरकार र जेन-जी आन्दोलनका प्रतिनिधिबीच **२०८२/०८/२४** गते भएको सम्झौता कार्यान्वयनको समन्वय र सहजीकरणका लागि निकायगत सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरी कार्यान्वयनमा सहजीकरण गरिएको।

- जेन-जी आन्दोलनका सहिद परिवारसँग भएको सम्झौताको कार्यान्वयनका सम्बन्धमा विभिन्न चरणका वार्ताहरू सम्पन्न गरी कार्यान्वयनका लागि पहल गरिएको।

- **<u>नेपाल सरकार सचिव बैठकको लागि समन्वय तथा निर्णयहरूको कार्यान्वयनको फलोअप</u>**
  - यस अवधिमा नेपाल सरकारका सचिवहरुको ३ (तीन) वटा बैठक बसी २९ वटा निर्णयहरू भएको।
  - उक्त बैठकहरूबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि सचिवालयबाट निरन्तर फलोअप गरिएको।

- **<u>विकास व्यवस्थापन र फलोअप सम्बन्धी कार्य</u>**
  - मेलम्ची खानेपानी व्यवस्थापनमा सृजना भएको विवादका सम्बन्धमा सरोकारवालासँग आवश्यक छलफल गरी समाधानको पहल गरिएको।
  - राजनीति र प्रशासनको अन्तरसम्बन्ध विकासको मोडालिटी, विकासको सहजीकरणको लागि कानुनी सुधार र नतिजा व्यवस्थापनलाई तथ्यपरक एवम् जवाफदेही बनाउने गरी कार्य गर्न मुख्यसचिवबाट आयोजना भएका बैठकहरूको सञ्चार, समन्वय र सहजीकरणको कार्य गरिएको ।
  - चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको मन्त्रालयगत समीक्षा गरी बाँकी माइलस्टोनहरू यथाशीघ्र सम्पन्न गर्नका लागि समन्वय गरिएको।

- **<u>सार्वजनिक सेवा प्रवाह सम्बन्धी निर्णयहरूको फलोअप</u>**
  - प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने मन्त्रालय/निकायका पदाधिकारीले कानुनले तोकेको समयमै निर्णय गर्ने तथा सम्बन्धित मन्त्रालयबाट मातहतका विभाग/कार्यालयले प्रवाह गरेको सेवाको सम्बन्धमा अनुगमन गरिएको।
  - सार्वजनिक निकायमा हुनसक्ने भ्रष्टाचार र अनियमितताको रोकथाम तथा नियन्त्रण गर्न एवम् सेवा प्रवाह प्रभावकारी बनाउन गर्नुपर्ने सुधारका सम्बन्धमा यस कार्यालयका सचिवज्यूको संयोजकत्वमा सुशासन मार्गचित्र तयारी समिति गठन गरिएको।
  - अध्यागमन व्यवस्थापनका सन्दर्भमा भिजिट भिसा तथा पासपोर्ट सम्बन्धी विद्यमान नीतिगत प्रावधानको मूल्याङ्कन गरी सुधार गरिएको।
  - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतका कार्यालय/निकायहरूको आवधिक निरीक्षण तथा अनुगमन सम्पन्न गरिएको।

- **<u>अभिलेख व्यवस्थापन</u>**
  - श्रीमान् मुख्यसचिवलाई सम्बोधन गरी सचिवालयमा प्राप्त पत्रहरु मुख्यसचिव समक्ष पेस गरी निकासा भएबमोजिम अनलाइन प्रणाली मार्फत कार्यान्वयनको

लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभागीय मन्त्रालयका सचिवहरू समक्ष पठाइएको।

- नेपाल सरकारका वहालवाला र सेवा निवृत्त सचिव तथा विभागीय प्रमुखहरुको विवरण अद्यावधिक गरिएको।

- **बैठक व्यवस्थापन**
  - नेपाल सरकारको सचिव बैठक र मुख्य सचिवको निर्देशनअनुसार बोलाइएका अन्य बैठकहरूको व्यवस्थापन सम्बन्धी कार्य गरिएको।
  - सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा हुने बैठक/छलफल/कार्यक्रमहरूमा मुख्य सचिवको सहभागिताको लागि समय व्यवस्थापन गरिएको र नेपाल सरकारका सचिवहरूको समेत सहभागिता हुनुपर्ने विषयका बैठकहरूका लागि आवश्यक सञ्चार र समन्वय गरिएको।
  - राष्ट्रिय सभाका विभिन्न विषयगत समितिबाट मुख्यसचिवको सहभागिताका लागि अनुरोध भई आएबमोजिम मुख्यसचिवको बैठकमा सहभागिताको लागि समय व्यवस्थापन, तयारी, सञ्चार समन्वयको कार्य गरिएको।

- **विविध**
  - परिवर्तित सन्दर्भमा नेपाल सरकारले आयोजना गरेको नेपालस्थित विदेशी राजदुत, महावाणिज्यदूत/वाणिज्यदूतहरू र विदेशस्थित नेपाली राजदूतहरूसँगको अन्तरक्रिया कार्यक्रममा मुख्यसचिवको सहभागिताको प्रबन्ध गरिएको।
  - विभिन्न देशका कुटनीतिक पदाधिकारीसँग भेटघाट तथा छलफल कार्यक्रमको लागि आवश्यक समन्वय गरिएको।
  - मुख्यसचिवको सचिवालयमा प्राप्त भएका दैनिक/साप्ताहिक सुरक्षा प्रतिवेदनको Briefing गरी अभिलेख व्यवस्थापन गरिएको।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.२ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा,

- २०८२ साल कार्तिक १ गतेदेखि पुष मसान्तसम्म १४ वटा मन्त्रिपरिषद्को बैठक बसी २८० वटा निर्णयहरू भएको।
- यस त्रैमासिक अवधिमा मन्त्रिपरिषद्का विभिन्न समितिको ८ वटा बैठक सम्पन्न भई १४ वटा निर्णयहरू भएको।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को विभिन्न बैठकबाट यस अवधिमा जम्मा १ (एक) वटा निर्णय प्रणालीमार्फत कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयहरूमा पठाई अनुगमन कार्य भइरहेको।

[नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्]

[मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।]

## जनशक्ति व्यवस्थापन महाशाखा

### ५.३ प्रशासन शाखा

- जेन-जी आन्दोलनबाट भएको क्षतिको विवरण यकीन गरी प्रतिवेदन पेस गर्न कार्यदल गठन गरी क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी सोका आधारमा प्रहरी सर्जमिन मुचुल्कासमेत तयार गरिएको।
- जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त भएको साविकको कार्यालय भवनपुनर्निर्माणका लागि सहरी विकास मन्त्रालय र सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयलाई लेखी पठाइएको।
- उल्लिखित आन्दोलनबाट सवारी साधनहरूसमेत जली नष्ट भएको अवस्थामा यस कार्यालय र अन्तर्गतका निकायहरूलाई आवश्यक सवारी साधनको व्यवस्थापन सम्बन्धी कार्य गरिएको।
    - आगामी निर्वाचनका लागि मतदाता नामावली दर्ता कार्यमा जनशक्ति व्यवस्थापनका कारण दर्ता गर्न आउने सेवाग्राहीले लामो समय कुर्नु परेको, प्री-इनरोलमेण्ट फारममा मतदान केन्द्र छनोट गर्न नसकेको, नागरिकता नम्बर प्रविष्ट गरेपनि नामावली दर्ता गर्न प्राविधिक समस्या आउने गरेको, जेनजी आन्दोलनका सहिद तथा घाइते परिवार र अशक्त व्यक्तिहरूलाई दर्ता गराउन असहज भएको जस्ता गुनासो आइरहेको परिप्रेक्ष्यमा निर्वाचनका लागि मतदाता नामावली दर्ता कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउन निर्वाचन आयोग र गृह मन्त्रालयसँग समन्वय तथा सहजीकरण गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प्रणालीमा रहेको तथ्याङ्कलाई मतदाता नामावली दर्ताका लागि समेत उपयोग गर्न प्रणालीगत सञ्जालीकरणको व्यवस्था गरिएको।
- जेन-जी आन्दोलनका प्रतिनिधिहरू र नेपाल सरकारबीच भएको सम्झौताको तयारी सम्बन्धी कार्यमा सहजीकरण गरिएको।
- २०८२ फागुन २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचन कानुन एवम् व्यवस्थापन सम्बन्धमा २०८२ पुष ७ गते

सोमबार सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा विभिन्न राजनीतिक दलका प्रमुख/प्रतिनिधिज्यूहरूसँग छलफल आयोजना गरिएको।

- जेन-जी आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबिच समन्वय र सहजीकरण गर्न यस कार्यालयका सचिव महादेव पन्थलाई जिम्मेवारी तोकिएको र सहसचिव डा.भीष्मकुमार भूसाललाई सम्पर्क व्यक्ति तोकिएको।
- राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्मा पेस गरी स्वीकृतसमेत भएको।
- नेपाल संयुक्त राष्ट्र सङ्घीय भ्रष्टाचार विरुद्धको अभिसन्धि (UNCAC) सँग आवश्यक समन्वय, सहकार्य तथा भ्रष्टाचार निवारण सम्बन्धी रणनीति एवम् कार्ययोजना तयार गर्नेसमेतका कार्यका लागि यस कार्यालयको शासकीय सुधार महाशाखालाई फोकल युनिट तोकिएको।
- अध्यागमन र भिजिट भिसासम्बन्धी छानबिनका लागि गठित समितिको प्रतिवेदनको प्रभावकारी कार्यान्वयनको लागि गृह मन्त्रालयमा लेखी पठाइएको।
- कार्यालयको वेबसाइटलाई सूचना प्रविधि विभागबाट विकसित GIWMS प्रणालीमा स्तरोन्नति गर्ने प्रयोजनार्थ कार्यदल गठन गरी उल्लिखित कार्यदलबाट Content Management को कार्य सम्पन्न गरिएको।
- राष्ट्रिय योजना आयोगका पदाधिकारीहरूको नियुक्तिको प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्मा पेस गरी स्वीकृत भएको।
- जेन-जी आन्दोलनका क्रममा प्रशासन शाखामा रहेका यस कार्यालय तथा अन्तर्गतका श्रेणीबिहीन कर्मचारीदेखि राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन फाराम नष्ट भएकोमा पुनः सङ्कलन गरी सम्बन्धित सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिमार्फत मूल्याङ्कन गरी सम्बन्धित निकायमा पठाइएको।
- यस कार्यालय तथा अन्तर्गतका निकायका कर्मचारी तथा पदाधिकारीहरूको नियमित सरूवा, बढुवा, नियुक्ति, पदस्थापन, निवृत्तिभरण, अध्ययनका लागि पूर्व स्वीकृति, मनोनयन, बिदा, काज तथा वैदेशिक भ्रमण सम्बन्धी कार्य गरिएको।
- कार्यालयमा आवश्यक विभिन्न वस्तु तथा सेवा नियमित रूपमा खरिद गरी सहज आपूर्तिको व्यवस्था मिलाइएको।
- कार्यालयको मूल गेट अगाडि रहेको खाली जग्गामा पार्किङस्थलको व्यवस्थापन गरिएको। सार्वजनिक निकायको रुपमा गठन भएका/हुने परिषद्, केन्द्र समिति

आदिमा गरिने पदाधिकारीहरूको नियुक्ति, योग्यता, पदाधिकारी सङ्ख्या लगायतका विषयमा एकरुपता कायम गर्न यस कार्यालयका सहसचिवको संयोजकत्वमा एक महिनाभित्र यस कार्यालयमा प्रतिवेदन पेश गर्ने गरी कार्यदल गठन गरी कार्य प्रारम्भ गरिएको।

## ५.४ आर्थिक प्रशासन शाखा

- आ.व. २०८२/८३ को विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष (विविध)को मंसिर महिनासम्मको आन्तरिक लेखापरीक्षण सम्पन्न गराइएको।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको।
- यस वर्षको दोश्रो त्रैमासिकमा कुल वित्तीय प्रगति पुँजीगत तर्फ ०.० प्रतिशत र चालू तर्फ ११.१५ प्रतिशत भएको।
- यस कार्यालय तथा अन्तर्गतका निकायहरुको आ.व.२०८२/८३ को दोस्रो त्रैमासिक सम्मको बेरुजु लगत अद्यावधिक गरिएको।

***(खर्चको थप विवरण यसै प्रतिवेदनको क्र.सं. ८ मा संलग्न गरिएको छ।)***

## ५.५ सूचना, प्रेस तथा संसद समन्वय शाखा

- यस आ.व.को दोस्रो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी प्राप्त भएका २७ वटा निवेदन उपर सूचना उपलब्ध गराइएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम राष्ट्रिय सूचना आयोगमा परेको १ वटा पुनरावेदन निवेदनको सम्बन्धमा लिखित जवाफ तयार गरी आयोगमा पठाइएको। साथै, राष्ट्रिय सूचना आयोग लगायत सरोकारवाला निकायबाट माग भई आएका शाखासँग सम्बन्धित विवरण समयमा नै उपलब्ध गराइएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक प्रगति विवरण (स्वतः प्रकाशन) सार्वजनिक गरिएको।
- सूचनाको हकको कार्यान्वयनको अवस्थाका बारेमा काभ्रेपलाञ्चोक र सिन्धुली जिल्लाका जम्मा ९ वटा सरकारी कार्यालयहरूको अनुगमन गरिएको।

## ५.६ सामाजिक विकास शाखा र भौतिक पूर्वाधार विकास शाखा

- सार्वजनिक खरिद ऐन तथा नियमावली परिमार्जन तथा संशोधन सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सार्वजनिक खरिद कार्यालय तथा नेपाल निर्माण व्यवसायी महासंघ लगायत सरोकारवालाबीच अन्तरक्रिया तथा छलफल गरिएको।
- सिंहदरबार परिसरभित्रका सडकपेटी संरचना निर्माण, मर्मत सम्भार, सवारी साधन व्यवस्थापन, सरसफाइ तथा सौन्दर्यकरण लगायतका विषयहरूमा सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र सो मातहतका विभाग/ निकायबीच छलफल गरी निर्णयहरू कार्यान्वयनका लागि पठाइएको।
- आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रिय महत्वका आयोजना/ परियोजनाको अनुगमन अन्तर्गत सिद्धबाबा सुरुङमार्ग आयोजना, बुटवल-गोरुसिङ्गे सडक आयोजना, सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजनाको स्थलगत अनुगमन गरी प्राप्त वस्तुस्थितिको सचिव बैठकमा छलफल तथा प्रस्तुति गरिएको।
- मिति २०८२/८/२४ मा राष्ट्रिय महत्वका आयोजना/परियोजनासँग सम्बन्धित सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रम अन्तर्गत सरोकारवाला निकायहरू र आयोजना प्रमुखहरुसँग जिल्ला प्रशासन कार्यालयको सभाहल, रुपन्देहीमा अन्तरक्रिया सम्पन्न गरी विकास निर्माण क्षेत्रका अवरोध तथा कानुनी सुधारका सबालहरु पहिचान गरिएको।
- जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव, जिल्ला समन्वय प्रमुख, सन्धिखर्क नगरपालिकाका नगर प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्लाभित्रका सङ्घ, प्रदेश र स्थानीय तहका कार्यालयका प्रमुख र आयोजना प्रमुखहरुसँग अन्तर्किया तथा छलफल गरी तीनै तहमा देखिएका विकास निर्माणका सबाल तथा कर्मचारीका सबालहरू पहिचान गरिएको।
- व्यवसायिक तथा सिप विकास तालिम प्रतिष्ठान बुटवलबाट सञ्चालित तालिमको स्थलगत अनुगमन गरिएको।
- राष्ट्रिय निर्देशन ऐन, २०१८, समाज कल्याण ऐन, २०४९ र संस्था दर्ता ऐन, २०३४ बमोजिम भइरहेका काम कारबाहीलाई एकद्वारबाट सञ्चालन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले गृह मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयहरूबीच आवश्यक समन्वय गरी

एकीकृत कानुन तर्जुमा गर्ने कार्यलाई अगाडि बढाउन राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को निर्णय भएकोमा सो सम्बन्धमा एकीकृत कानुन तर्जुमा गर्ने विषयमा अध्ययन र छलफल भइरहेको।

- सार्वजनिक सेवामा इन्टर्नसिपसम्बन्धी स्तरीकृत ढाँचा (Standard Format) र कार्यविधिका लागि मस्यौदा तयारीको क्रममा रहेको।

## आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा

### ५.७ आर्थिक मामिला शाखा, नीति विश्लेषण तथा समन्वय शाखा र तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा

- संघ र लुम्बिनी प्रदेशको नीति सामञ्जस्यता सम्बन्धी अन्तरक्रिया कार्यक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सम्पन्न भएको।
- राष्ट्रिय मल नीति, २०५८ को अध्ययन/परीक्षण गर्नको लागि अवधारणापत्र तयार गरी स्वीकृतिको लागि पेस गरिएको।
- लुम्बिनी विकास कोष, तिलौराकोट पुरातात्विक क्षेत्र र रामग्राम पुरातात्विक क्षेत्रको प्रस्तुतिकरण सहितको अन्तरक्रिया कार्यक्रम गरी सोको स्थलगत अनुगमन गरिएको। सोको प्रतिवेदन मिति २०८२/९/७ गतेको सचिव बैठकमा पेश गरी छलफल गरिएको।
- राष्ट्रिय कृषि नीति,२०८२ को मस्यौदा उपर नीति प्रयोगशाला निर्देशक समितिमा छलफल भई सम्बन्धित मन्त्रालयमा रायसुझाव पठाइएको।
- राष्ट्रिय यातायात नीति, २०८२ को मस्यौदा उपर नीति प्रयोगशाला निर्देशक समितिको बैठकमा छलफल भई मन्त्रालयमा लिखित राय सुझाब पठाइएको। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट उक्त नीतिको अन्तिम रुप दिने क्रममा यस कार्यालयमा पुन: दफाबार छलफल सम्पन्न गरिएको।
- राष्ट्रिय आर्थिक गणना,२०८२ को मस्यौदा प्रश्नावली उपर राष्ट्रिय तथ्याङ्क कार्यालयमा राय पठाइएको।
- व्यक्तिगत डाटा संरक्षण नीति, २०८२ को मस्यौदा उपर यस कार्यालयमा प्रारम्भिक छलफल सम्पन्न भएको।

## शासकीय सुधार महाशाखा

### ५.८ सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा

- शाखामा प्राप्त अनियमितता तथा भ्रष्टाचारसम्बन्धी गुनासा/उजुरीहरूको अध्ययन गरी नियमानुसार छानविन तथा आवश्यक कार्यार्थ सम्बन्धित मन्त्रालय वा निकायमा पत्राचार गरिएको।

- राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूका कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धिसहितको वार्षिक प्रतिवेदनको मस्यौदा तयार गरिएको।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट प्राप्त पत्रहरू सम्बन्धित मन्त्रालय वा निकायमा पठाउनुका साथै मन्त्रालय तथा निकायवाट प्राप्त प्रतिवेदन/विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने जस्ता समन्वयकारी भूमिका निर्वाह गरिएको ।
- विभिन्न मितिमा आयोजना हुने सचिव बैठकको लागि आवश्यक पूर्वतयारी, विवरण माग, सहजीकरण र बैठकका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा प्रेषित गरी कार्यान्वयनको लागि आवश्यक समन्वय गरिएको।
- शासकीय सुधार महाशाखा अन्तर्गतको स्वीकृत वार्षिक कार्यक्रमहरू मध्ये काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा शासकीय सम्बाद शृङ्खला कार्यक्रम तथा दाङ जिल्लाको देउखुरीमा सार्वजनिक सेवा प्रवाह प्रणाली सुधार कार्यक्रम सञ्चालन गरिएको।

## ५.९ प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा

- श्रीमान् मुख्यसचिवज्यूको संयोजकत्वमा मिति २०८२/९/७ मा बसेको प्रशासनिक समन्वय परिषद्को बैठकबाट भएका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- कुटनीतिक मामिलासम्बन्धी समन्वय एवम् छलफल कार्यक्रम मिति २०८२/८/१२ गते लुम्बिनी प्रदेशको दाङमा लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री, माननीय मन्त्रीज्यू, प्रदेशका प्रमुख सचिव एवम् प्रदेशका सचिवज्यूहरूको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न गरिएको।
- कुटनीतिक मामिलासम्बन्धी समन्वय एवम् छलफल कार्यक्रम मिति २०८२/९/२८ गते बागमती प्रदेशको हेटौंडामा बागमती प्रदेशका माननीय मन्त्री मधुसुदन पौडेलज्यू , प्रदेशका प्रमुख सचिव एवम् प्रदेशका सचिवज्यूहरूको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न गरिएको।
- प्रदेश समन्वय परिषद् तथा प्रदेश विषयगत समितिहरूको निर्णय कार्यान्वयन सम्बन्धमा अन्तरतह समन्वय छलफल/बैठक देहायबमोजिमको मिति र स्थानमा सम्पन्न गरिएको:
    - मिति २०८२/५/१९ गते सुदूरपश्चिम प्रदेशको धनगढीमा निमित्त प्रमुख सचिव र प्रदेश सचिवहरूको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न गरिएको।

- मिति २०८२/८/१२ गते लुम्बिनी प्रदेशको दाङमा लुम्बिनी प्रदेशका माननीयमुख्यमन्त्री, माननीय मन्त्रीज्यू, प्रदेशका प्रमुख सचिव र प्रदेश सचिवहरूको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८२/९/२८ गते बागमती प्रदेशको हेटौंडामा बागमती प्रदेशका माननीय मन्त्री मधुसुदन पौडेलज्यू, प्रदेशका प्रमुख सचिव र प्रदेश सचिवहरूको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न गरिएको।

- संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन,२०७७ को दफा ३२ बमोजिमको वार्षिक प्रतिवेदनको मस्यौदा तयार भएको ।

## ५.१० सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलाप विस्तृतीकरण, २०८२ बमोजिमका क्रियाकलापहरूको कार्यान्वयन अवस्थाको प्रगति विवरण सम्बन्धमा सम्बद्ध ६ वटा निकाय (पर्यटन विभाग, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग, फैसला कार्यान्वयन निर्देशनालय, नेपाल बीमा प्राधिकरण, महान्यायाधिवक्ताको कार्यालय र गृह मन्त्रालय) मा अनुगमन गरिएको।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७भ. बमोजिम गठित समन्वय समितिको मिति २०८१/७/२१, १४१ औं बैठकले राष्ट्रिय जोखिम मूल्याङ्कन गर्नका लागि नेपाल राष्ट्र बैंक अन्तर्गतको सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका निर्देशकको संयोजकत्वमा नियमनकारी क्षेत्र, महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताको संयोजकत्वमा अनुसन्धानकारी तथा अभियोजनकारी क्षेत्र र गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी र लक्षित वित्तीय कारवाही क्षेत्रको जोखिम मूल्याङ्कन गर्न गठन भएका उपसमितिहरूबाट ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ को क्र.सं.१.१.१७ मा राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन यस कार्यालयमा पेश गर्न पत्राचार गरिएको।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ज.(२) मा नियमनकारी निकाय, अनुसन्धान गर्ने निकाय सम्बद्ध अन्य निकायले आफूले वर्षभरी गरेको काम कारबाहीको समीक्षासहितको वार्षिक प्रतिवेदन समन्वय समितिले निर्धारण गरेको ढाँचामा सम्बद्ध निकायहरूबाट प्राप्त आ.व २०८१/८२ को सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसँग सम्बन्धित तथ्याङ्कीय विवरण,

सम्पादन गरिएका महत्वपूर्ण कार्य र सोको उपलब्धिसमेतको प्रगति विवरण अनुसार प्रतिवेदन लेखनको लागि प्रतिवेदन तयारी कार्यदल गठन भई कार्य भईरहेको ।

- मिति २०८२/३/२ को सचिव बैठकको निर्णय नं. ४ मा ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ मा जिम्मेवार निकायको रुपमा तोकिएका निकायहरूले उक्त विस्तृतीकरणमा उल्लिखित क्रियाकलापहरूको कार्यान्वयनलाई तीव्रता दिने र सो सम्बन्धमा भएका कार्यहरूको मासिक प्रगति प्रत्येक महिनाको २५ गतेभित्र यस कार्यालयमा पठाउने निर्णय अनुरुप तत् तत् निकायहरूबाट प्राप्त प्रगति विवरण संकलन हुँदै आएको ।

## नतिजा व्यवस्थापन महाशाखा

### ५.११ नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा, तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा र योजना तथा अनुगमन शाखा

- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको प्रथम त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरी बैठकका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको,
- सङ्घीय मन्त्रालयहरूको आ.व. २०८२/८३ को कार्ययोजना सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा २०८२/७/२८ गते प्रथम त्रैमासिक प्रगति समीक्षा गरिएको,
- एकीकृत अनुगमन प्रणालीमा प्राप्त प्रगति विवरणको आधारमा सङ्घीय मन्त्रालयहरूको नीति तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक प्रगति प्रतिवेदन एवम् कात्तिक र मङ्सिर महिनाको मासिक प्रगति प्रतिवेदन तयार गरिएको।
- वर्तमान सरकारको एक सय दिनको प्रमुख कार्यहरू एवम् उपलब्धिहरूको एकीकृत विवरण तयार गरिएको।
- सङ्घीय मन्त्रालयहरूबाट गरिएको अनुगमनको प्रभावकारिता परीक्षणको लागि मङ्सिर महिनामा झापा, मोरङ्ग र सुनसरीमा निर्माणाधीन अस्पतालहरूको स्थलगत अनुगमनको अनुगमन एवम् पुष महिनामा रानीजमरा कुलरिया आयोजना (कृषि कार्यक्रम कार्यान्वयन इकाई) टिकापुर, कैलालीको अनुगमनको अनुगमन गरिएको।
- राष्ट्रिय तथ्याङ्क कार्यालय र जिल्ला तथ्याङ्क कार्यालय, रूपन्देहीमा वार्षिक कार्यक्रमको कार्यप्रगतिको स्थलगत अनुगमन गरिएको।
- नेपाल सरकारका मुख्यसचिवज्यूको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७२ औं बैठक मिति २०८२/०९/३० गते सम्पन्न भएको।

## ५.१२ सूचना प्रविधि शाखा

- यस कार्यालयका शासकीय मामिला क्षेत्र हेर्ने सचिवज्यूको संयोजकत्वमा Digital Governance Committee गठन गरिएको।
- कार्यालयको नयाँ भवनमा ईन्टरनेट सञ्चालन प्रयोजनार्थ आवश्यक Networking कार्य सम्पन्न गरिएको।
- कार्यालयको वेबसाईट, क्याबिनेट स्वचालन प्रणाली, स्वचालित कार्यालय प्रणाली, ई-हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, SMS Portal, हेलो सरकार लगायतका सम्पूर्ण Portal हरूको नियमित सञ्चालन र अद्यावधिक गरिएको।
- गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नति प्रयोजनार्थ कार्यक्षेत्रगत शर्तहरु (TOR) तयार गरिएको।
- एकीकृत मन्त्रिपरिषद्, मन्त्रिपरिषद् समिति र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन प्रणालीको स्तरोन्नतिको कार्य गरिएको।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधिसम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्पेशिफिकेसन तयारी तथा गुणस्तरको मूल्याङ्कन गरिएको।
- हेलो सरकार शाखामा प्रयोगमा रहेको कल सेन्टर सम्बन्धी समस्या समाधान गरी प्रणाली सञ्चालनमा ल्याईएको।
- कार्यालयमा आएका सूचना प्रविधिसम्बन्धी समस्याहरु समाधान गरिएको।

## ५.१३ हेलो सरकार शाखा

- यस त्रैमासिक अवधिमा हेलो सरकार शाखामा सूचनाका विभिन्न माध्यमबाट प्राप्त गुनासोहरू अध्ययन गरी ६,७०८ गुनासो समाधानका लागि सम्बन्धित निकायमा पठाइएको मध्ये २,०७६ गुनासो फछ्यौंट भएको।
- उपरोक्त बमोजिम दोस्रो त्रैमासिक अवधिमा फछ्यौंट भएका गुनासो २,०७६ र सोही अवधिमा हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टलमा दर्ता भएका कूल गुनासोहरुवाट १,०३६ गुनासो समाधान भई जम्मा ३,११२ गुनासो फछ्यौंट भएको।
- हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टलमा मिति २०८२ पुस महिनासम्ममा दर्ता भएका कुल गुनासो ७८,२१३ मध्ये ५१,३६६ (६५.६७%) गुनासोहरु फछ्यौंट भएको।
- हेलो सरकारको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन तयारी कार्य सम्पन्न भई कार्यालयको वेबसाइटमा सार्वजनिक गरिएको।

## ५.१४ कानून शाखा र फैसला कार्यान्वयन शाखा

१. **लिखित जवाफ तयारी सम्बन्धी:**

सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका ११८ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

२. **तर्जुमा सम्बन्धी:** जारी गरिएका/स्वीकृत भएका/संशोधन भएका नीति, विधेयक, नियमावली, विनियमावली, आदेश, निर्देशिका र कार्यविधिहरूको विवरण:

| क्र. सं. | तर्जुमा विवरण | नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय विवरण |
|---|---|---|
| १. | भू-उपयोग नियमावली (तेस्रो संसोधन), २०८२ | मिति २०८२/०७/१८ को निर्णयबाट स्वीकृत। |
| २. | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२ | मिति २०८२/०७/१८ को निर्णयबाट स्वीकृत। |
| ३. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०८२ | मिति २०८२/०८/०५ को निर्णयबाट स्वीकृत। |
| ४. | कार्बन व्यापार नियमावली, २०८२ | मिति २०८२/०८/१५ को निर्णयबाट स्वीकृत। |
| ५. | नेपाल नागरिकता (चौथौ संशोधन) नियमावली, २०८२ | मिति २०८२/०९/०६ को निर्णयबाट स्वीकृत। |
| ६. | पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२ | मिति २०८२/०९/०६ को निर्णयबाट स्वीकृत। |
| ७. | वन (तेस्रो संशोधन) नियमवाली, २०८२ | मिति २०८२/०९/१८ को निर्णयबाट स्वीकृत। |

३. **फैसला कार्यान्वयन सम्बन्धी कार्यहरू:**

सम्मानित अदालतबाट भएका फैसला/आदेश कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा ताकेता/पत्र गरी जम्मा ३० (तीस) थान पत्राचार भएको।

४. **राजपत्रमा प्रकाशित हुने सूचना सम्पादनका सम्बन्धमा:**

यस कार्यालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशित गरिने सूचना थान- ३ सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको। कानून, न्याय तथा

संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई आए पश्चात थान-३ प्रकाशनको लागि मुद्रण विभागमा पठाईएको।

५. फैसला कार्यान्वयन सम्बन्धमा दाङ र कास्की जिल्लामा अनुगमन सम्पन्न गरिएको।

## मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा

### ५.१५ मानव अधिकार शाखा र अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा

- सन् २०२५ डिसेम्बर १० मा UDHR को मानव अधिकार दिवसको उपलक्ष्यमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको समुपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यक्रम सम्पन्न गरिएको।
- भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय दिवसको उपलक्ष्यमा सन् २०२५ डिसेम्बर ०९ मा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यक्रम सम्पन्न गरिएको।
- भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी दोश्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८२ को मस्यौदा तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको।
- सन् २०२६ मा हुने विश्वव्यापी आवधिक पुनरावलोकन चौथो चक्रको राष्ट्रिय प्रतिवेदन मन्त्रिपरिषद्बाट स्वीकृत भई परराष्ट्र मन्त्रालय मार्फत मानव अधिकार परिषद्मा पेश भएको।
- तपसिल बमोजिमका विषयका सम्बन्धमा सम्बन्धित मन्त्रालयहरुलाई पत्राचार गरिएको।
  - Gender Equality, the Digital Space and the Age of Artificial Intelligence
  - Protecting children from sale, sexual exploitation and sexual abuse: progress, new frontiers and the path forward
  - Equal participation of persons with disabilities in political and public life
  - Impact of digital and AI-assisted surveillance on assembly and association rights, including chilling effects
  - Protection from Cyberbullying
  - The intersections between natural, conservation and cultural rights
  - Terrorism, Terrorist Organization, and violent extremism
  - Right to food
  - Extrajudicial, Summary or arbitrary executions
  - Promotion of truth, justice, reparation and guarantees of non-recurrence
  - Elimination of Discrimination against person affected by leprosy

- Transforming food system to protect human rights and prevent climate harm
- Independent expert or protection against violence and discrimination based or sexual orientation and gender identity

▪ मानव अधिकारसम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजना (आ.व.२०८२/८३-२०८६/८७) को मस्यौदा तयार गरी सुझाव संकलन गर्न मिति २०८२/९/१७ गते गण्डकी प्रदेशमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

## ६.प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ। राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ। कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, प्रेस तथा संसद समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी तोकिएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

**प्रवक्ताको विवरण**

| | | | |
|---|---|---|---|
| **नाम** | : | **हेमराज अर्याल** |  |
| **पद** | : | सहसचिव | |
| **महाशाखा** | : | जनशक्ति व्यवस्थापन महाशाखा | |
| **सम्पर्क नम्बर** | : | ९८५१२७०३३० | |
| **इमेलः** | : | spokesperson@opmcm.gov.np | |

**सहायक प्रवक्ता / सूचना अधिकारीको विवरण**

| | | | |
|---|---|---|---|
| **नाम** | : | **सिर्जना शर्मा** |  |
| **पद** | : | उपसचिव | |
| **शाखा** | : | सूचना, प्रेस तथा संसद समन्वय शाखा | |
| **सम्पर्क नम्बर** | : | ९८५१३३९५६४ | |

| | | | |
|---|---|---|---|
| इमेल | : | suchanaadhikari@opmcm.gov.np | |

## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवम् उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५
- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६

- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. वित्तीय प्रगति विवरण

**तालिका १**

**आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण**

| बर्गिकरण | ब.उ.शि.नं. | बार्षिक बजेट | पहिलो त्रैमासिक खर्च | | कैफियत |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति (प्रतिशत) | |
| चालु | ३०१०००१२३ | ३७८,५४५,०००।०० | ४६,८८२,८३५।६७ | १२।३९ | |
| | ३०१०००११३ | ८२,३००,०००।०० | ४,५०४,३६८।०० | ५।४७ | |
| **जम्मा** | | **४६०,८४५,०००।००** | **५१,३८७,२०३।६७** | **११।१५** | |
| पुँजीगत | ३०१०००१२४ | १२,३२२,०००।०० | ०।०० | ०।०० | |
| **जम्मा** | | **१२,३२२,०००।००** | **०।००** | **०।००** | |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

https://www.opmcm.gov.np

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यूलगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवम् ऐन, नियम, नीति निर्देशिकाहरू राखिएका छन्।

## १०. यस अवधिमा माग भएको सूचना र उपलब्ध गराइएको सूचना सङ्ख्या

यस आ.व.को दोस्रो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी माग गरिएका २७ वटा सूचना उपलब्ध गराइएको छ।